# मधेसी विद्रोहको ऐतिहासिक विवेचना
# पूर्वी मधेसको सन्दर्भ

**विजयप्रसाद मिश्र**

मुलुकमा शान्ति प्रक्रियाले गति लिए लगत्तै पूर्वी तराई काटमारको राजनीतिमा भासिन पुग्यो । ११ वर्षदेखि सशस्त्र विद्रोहमा संलग्न नेपाल कम्युनिस्ट पार्टी (माओवादी) हतियार बिसाएर शान्तिपूर्ण राजनीतिमा आएको छ । तथापि २०६१ साउन १० गतेदेखि माओवादीबाट फुटेको जनतान्त्रिक तराई मुक्ति मोर्चा मधेसमा हत्याहिंसाको बाटोमै संलग्न छ । बिस्तारै पूर्वी तराईमा राम्रै पकड बनाएको मोर्चालाई अमेरिकाले 'आतङ्ककारी' को सूचीमा राखिसकेको छ । यही कारण यसको प्रचार विश्वव्यापी भएको छ । जनतान्त्रिक मोर्चाबाहेक मधेसी मुक्ति टाइगर्स, डिफेन्स आर्मी, तराई कोबरा, तराई बागी, मधेस भाईरस किलर्स, दोस्रो जनतान्त्रिक तराई मुक्ति मोर्चा (विस्फोट सिंह), धर्मवीर सेना जस्ता तराईमा सशस्त्र आन्दोलन गर्ने विभिन्न समूहहरूको उदय भइरहेको छ ।

---

यो लेख २०६४ वैशाख २९ गते सिर्जना सामुदायिक पुस्तकालय (सिरहा), डोम उत्थान समाज (सप्तरी) र मार्टिन चौतारी (काठमाडौँ) ले लहानमा आयोजना गरेको कार्यक्रममा प्रस्तुत कार्यपत्रको परिस्कृत रूप हो । कार्यपत्रमा टिप्पणी गर्नुहुने महादेव साहको सुझाव एवं त्यस कार्यक्रममा उपस्थित अन्य सहभागीका विचार यो लेख तयार गर्ने क्रममा उल्लेख्य रह्यो । साथै मार्टिन चौतारीबाट प्राप्त सहयोगप्रति म कृतज्ञ छु ।

## सिरहा-सप्तरीको इतिहास

मैथिल लोकगाथाको मान्यतामा मिथिला (हाल जनकपुर) राजा जनकको विदेह राज्यको राजधानी थियो (यादव २०५४: ६-७१) । तत्कालीन समयमा दक्षिणमा गङ्गा, पश्चिममा नारायणी, पूर्वमा कोशी विदेह राज्यको सिमाना थियो । त्यही कोशी र कमला नदीबीचको तराई भाग पहिलेको सप्तरी जिल्ला थियो । अहिले यो सिरहा र सप्तरी जिल्ला हो । त्यसैगरी सप्तरीमा राजा पुरादित्यको राज्य रहेको मान्यता छ । उनैको दरबारमा मैथिल साहित्यका महाकवी विद्यापती बस्ने गरेको उल्लेख पाइन्छ (यादव सन् २००३: १९) । राजमार्गमा पर्ने छपराडी चोकबाट दक्षिण बनौलीमा अहिले पनि त्यसबखतको दरबारको भग्नावशेष रहेको छ । यसलाई त्यही समयको राजदरबार मानिएको छ ।

प्राध्यापक बीएन झाका अनुसार काठमाडौँमा शाहवंशको उदयअघि काठमाडौँको पूर्वी भेगमा क) मैथिल ख) किरात ग) नेवार गरी तीन मुख्य राज्य थिए (झा २०५५) । काठमाडौँ र पूर्वी भागमा पछिसम्म पनि यिनै तीन जातिको राजनीतिक र सामाजिक वर्चस्व पाइन्थ्यो । यसबाट प्रस्ट हुन्छ, सिरहा र सप्तरीमा मैथिलहरूको वर्चस्व थियो ।

पृथ्वीनारायण शाहले मधेस कब्जामा लिएपछि मधेसमा शोषण बढेको पाइन्छ । उनले राज्य कब्जा गरे लगत्तै तिरहुत सेनालाई विघटन गरियो र त्यसपछि निर्माण गरिएको 'गोर्खा–सेना' मा मधेसीहरूलाई समावेश गरिएन (यादव सन् २००३: २५) । साथै पृथ्वीनारायण शाहले मधेसमा आफ्ना समर्थक, विश्वास कमाएकाहरू एवं शाही भारदारलाई बसोवास गराउन थाले । मधेसको जमिनबारे फादर स्टिलर लेख्छन्, 'मधेसको जमिन नखोसी गोर्खा साम्राज्य स्थापित गर्न सकिँदैनथ्यो ।' त्यसैले एकीकरण अभियानको प्रारम्भिक वर्षहरूमा मधेसमा बस्नेहरूमध्ये थारूहरू सबैभन्दा शोषित भए । कारण जङ्गलहरूका बीच थारूहरूले मिहिनेत गरेर बनाएको खेतीयोग्य जग्गा एवं बसोबासको आधारलाई शाहवंशका समर्थकहरूले जागिर र विर्ताको नाममा बक्सिसमा पाए । अर्थात् शाही राज्यले यसलाई आफ्नो कब्जामा लियो । यसरी जमिनलाई शासकहरूले भोग गर्ने अभियान राणा शासनकालमा आएर झनै उग्र रूपमा लागू गरियो । यद्यपि सिरहाको पूर्वी भेग र सप्तरीको पश्चिमी भेगमा अहिले पनि थारूहरूको बाक्लो बस्ती छ ।

माओवादीका नेता बाबुराम भट्टराईले तराईको समस्यालाई क्षेत्रीय, जातीय र वर्गीय गरी तीन भागमा विभाजन गरेका छन् । भट्टराईले बारादेखि सप्तरी सम्मको तराईको बसोबास धेरै पुरानो भएको र काठमाडौँका शासकहरूले

तराईलाई दुहुने गाईको रूपमा उपयोग गरेको उल्लेख गरेका छन् (भट्टराई २०५२) । उनले नेपालको केन्द्रीय राज्यसत्तामा सामन्त, दलाल, नोकरशाही र पूँजीपति वर्गको अधिपत्य भएको कारण तराईमा शोषण भएकोले जनवादी शासन व्यवस्थाको स्थापना नभएसम्म तराईको समस्या समाधान हुँदैन भनेका छन् । तथापि २०६३ माघमा भएको विद्रोह र त्योभन्दा केही अघिदेखि नै भट्टराई संलग्न नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को क्रियाकलापप्रति नै मधेसीमूलका मानिस सबैभन्दा बढी आक्रोशित भएको पाइन्छ। मधेसी मुक्तिका लागि खुलेकामध्ये प्रभावशाली समूहहरू पनि माओवादीप्रति नै बढी आक्रामक छन् ।

## मधेस आन्दोलनको पृष्ठभूमि

अङ्ग्रेज विरुद्धको 'भारत छोड' आन्दोलनमा सन् १९४३ मा सप्तरी जिल्लाका कोईलाडी र बनरझुलाका बासिन्दाले भारतीय नेताहरूलाई सहयोग पुऱ्याएको ऐतिहासिक सन्दर्भ समय समयमा मधेस मुक्तिसँग पनि जोडिने गरेको छ। 'भारत छोड' आन्दोलनका क्रममा जयप्रकाश नारायणलगायत अन्य भारतीय नेताहरूलाई नेपालको तत्कालीन राणा सरकारका स्थानीय बडाहाकिमले गिरफ्तार गरी सप्तरीको हनुमाननगरमा राखेका थिए। सप्तरीको उत्तरी भेगको चुरे जङ्गलमा भारतको स्वतन्त्रताको लागि लड्न तयार पारिएको 'आजाद हिन्द फौज' लाई हवल्दार सरदार नित्यानन्द सिंहले प्रशिक्षण दिइरहेका थिए । सशस्त्र तालिम लिइरहेको सोही समूहले नेपालकै इतिहासमा पहिलो पटक २००० जेठ ९ गते (१९४३ मे २३) राति भारतीय नेताहरू राखेको ठाउँमा आक्रमण गऱ्यो। हनुमाननगरमा त्यसबखत १८ जना नेपाली सुरक्षाकर्मी कार्यरत थिए । त्यसमध्ये एकदर्जन सोही दिन कोशी टप्पुतर्फ गएका र बाँकीमध्ये केही विद्रोही पक्षले नाटकीय ढङ्गले जेल नजिकैको फुसको घरमा लगाएको आगो निभाउन गएका थिए । सोही मौकापारी भारतीय नेताहरू बन्दी रहेको स्थानमा बसेको सेन्ट्रिलाई सरदार नित्यानन्दले गोली हानी ढाले र सबै भारतीय नेताहरू मुक्त गरी भारत पठाए (सिंह सन् १९९२: २६) । भारतीयहरूलाई यसरी भगाउन सहयोग गर्ने नेपालीहरूमा रामराजाप्रसाद सिंहको बुबा पनि संलग्न थिए। त्यसो त राणा शासन कालमै नेपाली काँग्रेसले प्रजातन्त्र प्राप्तिको लागि सङ्घर्ष गर्न तयार गरेको स्वतन्त्र सेनानीमा मधेसी मूलका धेरै मानिसहरू सरिक थिए ।

राणा शासनको पतनपछि २००८ सालमा सिरहाका बेदानन्द झाले गठन गरेको नेपाल तराई काँग्रेसले पहिलो पटक नेपालमा सङ्गठित र संस्थागत रूपमा मधेसी सवाललाई उठाएका हो। तराई काँग्रेसले तराईलाई स्वायत्त राज्यको

दर्जा दिनुपर्ने, हिन्दी भाषालाई राजकीय भाषा बनाउनुपर्ने र तराईवासी सबैको लागि निजामति सेवामा समुचित अनुपातमा प्रवेशको अवस्था सुरक्षित हुनुपर्ने उद्देश्यसहित सङ्घर्ष सुरु गरेको थियो । सूर्यनाथ गोप लेख्छन्, 'नेपालको स्कुल र कलेजमा हिन्दी भाषामा पढाइ भइरहेको अवस्थामा केआइ सिंह (कुबर ईन्द्रजीत सिंह ) को प्रधानमन्त्रीत्व कालमा हिन्दी भाषामा पढाइ हुन रोक लगाइएको थियो (गोप २०५५) । तत्कालीन सरकारको हिन्दी भाषा विरोधी नीति विरुद्ध सङ्घर्ष गर्न तराई काँग्रेसले हिन्दी रक्षा समिति नामक सङ्गठन बनायो । यो सङ्घर्ष बेदानन्द झा, कुलानन्द झा, बलदेब दास यादवलगायतका तराई काँग्रेसका नेताहरूको सक्रियतामा गरिएको थियो । विराटनगर, राजविराज, सिरहा र वीरगञ्जमा केही मधेसी नेता र कार्यकर्ता पक्राउ परेका थिए । यही आन्दोलनको क्रममा सूर्यनाथ गोप तेह्र वर्षकै छँदा सिरहामा पक्राउ परेका थिए । उनीलगायत महेन्द्र नारायण निधि, बुन्नीलाल सिंह, माधवप्रसाद यादव र कुसहाका राजेन्द्र झा सिरहा थानाको हिरासतमा राखिएका थिए ।

हिन्दी भाषाको समर्थनमा भएको आन्दोलन २०१४ सालमा नेपाली भाषालाई राजकीय भाषाको मान्यता प्रदान गरेपछि सेलायो । त्यसको लगत्तै २०१५ सालमा महेन्द्रले आम निर्वाचनको घोषणा गरे । निर्वाचनमा नेपाली काँग्रेस, नेपाल प्रजा परिषद् र नेपाल कम्युनिस्ट पार्टीले पनि बहुभाषालाई नीतिगत मान्यता दिएकै कारण तराई काँग्रेससँग चुनाव लड्ने नारा सीमित भयो । परिणाम सम्पूर्ण एक्काइस उम्मेदवारको चुनावमा हार भयो । त्यतिबेला तराई काँग्रेस मात्र होइन नेपाली काँग्रेस र नेपाल कम्युनिस्ट पार्टीले पनि हिन्दी भाषामा घोषणा पत्र प्रकाशन गर्नु अर्को रोचक पक्ष थियो । घोषणा पत्रमा नेपाली काँग्रेस हिन्दी भाषाबारे मौन रह्यो । नेपाल कम्युनिस्ट पार्टीले भने हिन्दी भाषालाई द्वितीय राष्ट्रिय भाषाको मान्यता दिनुपर्छ भनेको थियो । चुनावमा तराई काँग्रेसले नराम्रो हार बेहोरेपछि बेदानन्द झाले राजनीतिक जीवनको धार परिवर्तन गरे । राजा महेन्द्रसँग मिले, मन्त्री पद कुम्ल्याए र मधेसीको आवाज उठाउन छोडिदिए । उनी नै मधेसमूलका सबैभन्दा पहिलो राजदूत पनि भए ।

तराईवासीको नारा दिएर राजनीतिमा प्रवेश गरेका परशुनारायण चौधरी र बद्री मण्डल जस्ता नेताहरू पनि राजनीतिक यात्रामा राजावादी भए । उनीहरू तराईलाई बेवास्ता गरेर आफ्नो दुनो सोझ्याउन व्यस्त रहेको घटनाक्रमले देखाउँछ ।

मधेसको पक्षमा निरन्तर सङ्घर्षरत् नेतृत्वमा इमानको खडेरी नै भने छैन । गजेन्द्रनारायण सिंह र रामराजाप्रसाद सिंह यस्ता केही उदाहरण हुन् ।

पञ्चायतकालको अन्तिम चरणमा सप्तरीका गजेन्द्रनारायण सिंहले पुनः तराईवाद र हिन्दीको पक्षमा कुरा उठाएका थिए । सिंहले पञ्चायतकालमा स्थापना गरेको नेपाल सद्भावना परिषद्लाई बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि नेपाल सद्भावना पार्टीमा परिवर्तन गरे । यसले उनको अवसानपश्चात् समेत मधेसी हक–अधिकारको पक्षमा अभियान चलाइरहेको छ । नेपालको राजनीतिमा रहेको आम रोगबाट नेपाल सद्भावना पार्टी पनि मुक्त हुन सकेन । परिणाम आनन्दीदेवी र बद्रिमण्डल खेमामा यो बाँडियो । चैत/वैशाख २०६२/०६३ को जनआन्दोलनपछि यो दुवै पार्टी पुनः एकीकृत हुने अभियानमा लाग्यो र २०६४ जेठमा एकीकरण भएको छ । एकीकरण पश्चात् आन्तरिक खिचातानीको कारण यो विभिन्न गुठ-उपगुठमा विभाजित छ ।

अर्कोतर्फ रामराजाप्रसाद सिंहले नव जनवादी मोर्चा गठन गरेका छन् । मधेसी र जनजातिलाई समेटेर सयुक्त सङ्घर्ष गरे गणतन्त्र स्थापना गर्न सकिन्छ भन्ने विश्वासका साथ नव जनवादी मोर्चाको नाममा उनी सक्रिय छन् । २०४२ सालमा नेपाली काँग्रेसले सत्याग्रह गरिरहेको बखत रामराजाप्रसाद सिंहको नेतृत्वमा काठमाडौँको विभिन्न ठाउँमा बम विष्फोट गराइएको थियो । सिंहले भारतमै बसेर त्यो बम काण्डको जिम्मेवारी लिएका थिए । उनको पार्टीमा रहेको आरोपमा हेमनारायण यादवलगायतका केही नेताहरू २०४२ सालमा सिरहामा पक्राउ परेका थिए । यादवले पछि नेपाल सद्भावना पार्टी हुँदै एमालेमा प्रवेश गरे । सिरहाबाट उनी एमालेका सांसद पनि भए । मधेसको सवालमा डटेर बोल्ने यादवको सेनाले षड्यन्त्रमूलक तरिकाले हत्या गऱ्यो ।

पछिल्लो पटक २०५४ सालमा मधेसी जनधिकार फोरमको गठन भयो । मधेसलाई राज्यको मूल प्रवाहमा ल्याउने, सरकार र दलहरूलाई दबाब दिने यसको उद्देश्य थियो । यसको संस्थापक अध्यक्ष उपेन्द्र यादव थिए भने माओवादीका मातृका यादव र देवनारायण यादव फोरमको अनौपचारिक बैठकहरूमा सहभागी भैरहेका थिए । माओवादीले अलग्गै मधेसी राष्ट्रिय मुक्ति मोर्चाको गठन गरेपछि माओवादीका नेता तथा कार्यकर्ता फोरमबाट अलग्गिए । त्यसैगरी जनमोर्चाका रामरिझन यादव जनअधिकार फोरमका संस्थापक केन्द्रीय सदस्य थिए । पछि जनमोर्चाले केन्द्रीय स्तरमा क्रान्तिकारी मधेसी मुक्ति मोर्चा गठन गरी उनलाई अध्यक्ष बनाएपछि यादवले फोरमको केन्द्रीय सदस्यबाट राजिनामा दिए ।

२०६२ साउन १२ र १३ गते विराटनगरमा भएको केन्द्रीय समितिको बैठकले जनअधिकार फोरमलाई राजनीतिक पार्टीको रूपमा विस्तार गर्ने निर्णय गऱ्यो । अहिले फोरम विधिवत रूपमा निर्वाचन आयोगमा दर्ता भइसकेको छ ।




जिल्ला प्रशासन कार्यालयमै गरिएको भित्ते लेखन तस्वीर : मीन बज्राचार्य

२०६२/०६३ को जनआन्दोलनपछि गठन भएको माओवादी सहितको अन्तरिम संसदले लामो प्रक्रियापछि नेपालको अन्तरिम संविधान जारी गऱ्यो । यो संविधानले समेत मधेसलाई अपहेलना गरेको, सङ्घीय अवधारणाको व्यवस्था नगरेको र जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्ने विषयमा मौन रहेको आरोप लगाउँदै फोरमले २ माघमा काठमाडौँमा अन्तरिम संविधान जलायो । संविधान जलाएको आरोपमा फोरमका अध्यक्ष उपेन्द्र यादवलगायत २८ जनालाई सरकारले पक्राउ गरी त्यसमध्ये १४ जनालाई सार्वजनिक अपराधको मुद्दा चलायो । बाँकीलाई 'राजद्रोह' को मुद्दा चलाउन खोजियो । त्यसको विरोधमा मधेसमा यादवलगायतका नेतालाई रिहा गर्नुपर्ने माग गर्दै लहानमा भएको चक्का जाममा माओवादी कार्यकर्ताले स्थानीय विद्यार्थी रमेशकुमार महतोलाई गोली हानी हत्या गरे । यो घटना नै मधेस आन्दोलन चर्किने ठूलो आधार बन्यो ।

आन्दोलनले लिएको व्यापकता र समर्थनकै कारण प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले बाध्य भएर दुई दुई पटक सम्बोधन गरे । २०६३ माघ २४ को सम्बोधनले मधेसमा जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र बढाउने र मुलुक सङ्घीय अवधारणामा जाने कुरालाई स्वीकार गऱ्यो (हेर्नोस् अनुसूची ३) । यसैको आधारमा अन्तरिम संविधान संशोधन पनि गरियो । तथापि मधेसको सम्पूर्ण माग पूरा नभएको जनाउ दिँदै जनअधिकार फोरमले नयाँ स्वरूपमा आन्दोलन र वार्ता सँगसँगै लगेको छ । वार्तामा भएका सहमति कार्यान्वयन नभएको गुनासो फोरमको बढी छ ।

यसैबीच जनतान्त्रिक तराई मुक्ति मोर्चा, माओवादीभित्र रहेको मातृका यादवको समूह र मधेसी जनअधिकार फोरम मिलेर एउटा सशक्त पार्टी बनाउनुपर्ने प्रस्ताव भारतको 'र' नामक संस्थाका प्रतिनिधिहरूबाट आइरहेको चर्चा छ। दुवै सद्भावना पार्टी मिल्न तयार हुनुमा पनि सोही संस्थाको हात रहेको आशङ्का सर्वत्र छ। पछिल्लो समयमा भारतीय शक्ति केन्द्रहरूले मधेसी नेताहरूले खोलेका सबै खाले राजनीतिक सङ्गठनहरूलाई दुई राजनीतिक पार्टीमा एकीकृत गर्ने योजना बनाएको थियो। जसमध्ये पहिलो नेपाल सद्भावना पार्टीलाई एउटै पार्टीमा विलय गराउने काम थियो। अर्को प्रयत्न सशस्त्र आन्दोलन गरिरहेको पार्टी र फोरमबीच एकता गराउने सवालमा केन्द्रित छ। ज्वाला सिंह र फोरमका अध्यक्ष उपेन्द्र यादवबीचको बेमेलले गर्दा शक्ति केन्द्र दोस्रो प्रयास असफल भैरहेको छ।

## जनतान्त्रिक तराई मुक्ति मोर्चाको उदय

माओवादीले सप्तरीका जयकृष्ण गोइतलाई प्रचण्डको उपस्थितिमा २०५८ सालमा आफ्नो भातृ सङ्गठन मधेसी राष्ट्रिय मुक्ति मोर्चाको अध्यक्ष बनाएको थियो। त्यसको लगत्तै गोइत र माओवादी नेताहरूबीच कुरा बाझिन थाल्यो। गोइत एकीकृत तराईको पक्षमा थिए भने माओवादी नेतृत्व तराईलाई मधेस क्षेत्र र थारूवान क्षेत्र गरी दुई भागमा विभाजन गर्न चाहन्थ्यो। यही कारण माओवादीले २०६० सालमा गोइतलाई हटाएर मातृका यादवलाई उक्त मोर्चाको अध्यक्ष बनायो। साथै गोइतलाई सप्तरी जिल्ला इन्चार्ज बनाएर फर्काउने प्रयास गऱ्यो। यसबाट गोइत असन्तुष्ट थिए र पार्टीले चाहे जसरी उनी फर्किएनन्। उनले भित्रभित्रै असन्तुष्ट पक्षलाई सङ्गठित गरी २०६१ साउन १० गते एक्कासि जनतान्त्रिक तराई मुक्ति मोर्चाको गठन गरे। त्यसै क्रममा उनले 'दुर्गानन्द झा प्लाटुन' का नाममा करिब पाँच सय जनाको सशस्त्र फौज निर्माण गरी हिंसात्मक गतिविधि सञ्चालन गर्न थाले। परिणाम माओवादी र उनको मोर्चा आमनेसामने उभिन पुग्यो।

बीस वर्षअघि राजविराजमा गोइतको पत्रिका पसल थियो। उनी सुरुदेखि नै वामपन्थी विचार राख्ने व्यक्ति हुन्। २०४६ को जनआन्दोलपछि उनी नेपाल कम्युनिस्ट पार्टी मानन्धरमा समावेश भए। मार्क्सवादी र मार्क्सवादी-लेनिनवादीबीच एकीकरण भएर नेपाल कम्युनिस्ट पार्टी (एमाले) बनेपछि उनले पनि एमालेमा प्रवेश गरे। सप्तरीमा एमालेको सङ्गठन विस्तारमा महत्त्वपूर्ण भूमिका खेले। एमालेको सप्तरी जिल्ला सचिव भइसकेका जयकृष्ण गोइतलाई

दोस्रो स्थानीय निर्वाचनमा जिल्ला विकास समितिको सभापतिको टिकट पार्टीले दिएन । एमाले नेतृत्वले उनीसँगै जिल्ला कमिटिमा उप–सचिव रहेका पहाडी मूलका दिवाकर देवकोटालाई सभापतिको टिकट दियो । यसबाट दुःखित भई गोइतले पार्टीभित्र विद्रोह गरे । स्थानीय निकायमा एमालेको बहुमत हुँदाहुँदै देवकोटा निर्वाचनमा हारेपछि गोइत पार्टीको कारबाहीमा परे । पार्टीको क्रियाकलापबाट रन्थनिरहेको बेला एमाले पार्टी फुटेर बनेको नेपाल कम्युनिस्ट पार्टी (माले) मा उनले प्रवेश गरे । पछि सप्तरीमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को सङ्गठन बनाइरहेका मातृका यादवको अनुरोधमा गोइतले माओवादीमा प्रवेश गरे । एमालेमा जस्तै माओवादीमा पनि उनी समर्पित भएर लागे । तथापि त्यसबाट पनि उनको चाँडै मोहभङ्ग भयो ।

कुनै पनि कम्युनिस्ट पार्टीले तराईको सच्चा हित नगर्ने ठानेर उनले २०६१ सालमा आफ्नो अध्यक्षतामा जनतान्त्रिक तराई मुक्ति मोर्चा गठन गरे । विडम्बना, त्यसरी मोर्चा गठन गरेको दुई वर्ष बित्दानबित्दै २०६३ साउनमा सप्तरीमा भएको महाधिवेशनमा कार्यकर्ताहरूले उनलाई त्यसको अध्यक्षबाट हटाएर ज्वाला सिंह अध्यक्ष भएको जनतान्त्रिक तराई मुक्ति मोर्चाको घोषणा गरे । सिरहाका शिक्षक सूर्यनारायण यादवको हत्या गरेको विषयलाई गोइत समूहको उच्च नेतृत्वले जिम्मेवारी नलिएपछि सोही समूहमा रहेका विस्फोट सिंहले विद्रोह गर्दै दोस्रो जनतान्त्रिक तराई मुक्ति मोर्चा गठन गरे ।

गोइतले ज्वाला सिंह समूहले गरेको महाधिवेशनलाई मान्यता नदिएको कारण गोइत समूहलाई नै सबैले मूल पार्टी मानिरहेका छन् । जनतान्त्रिक तराई मुक्ति मोर्चा फुटिसकेको छ । तथापि ज्वाला सिंहले गोइतलाई आफ्नो पार्टीको सर्वोच्च नेता भन्न छोडेका छैनन् । सिंह भन्छन्, 'गोइतजी हाम्रो गुरु हुनुहुन्छ, तर अशक्त भएकोले मात्र उहाँलाई मुख्य जिम्मेवारीबाट पन्छाएका हौं ।'

ज्वाला सिंह २०४५ देखि २०५६ सम्म आदालतमा लेखापढी व्यवसाय गर्थे । यसैबीच (२०५० देखि २०५२ माघ सम्म) संयुक्त जनमोर्चा नेपालको सिरहा जिल्ला सचिव थिए । साथै दलित मोर्चाको अध्यक्ष (स्वतन्त्र सङ्गठन) समेत थिए । २०५५ सालमा उनी माओवादी निकट बुद्धिजीवी सङ्गठन जिल्ला समितिको सदस्य बने साथै माओवादीको मुखपत्र *जनादेश* साप्ताहिकसँग आवद्ध रहे । २०५७ सालसम्म जनादेशसँग आवद्ध रहेका सिंह त्यसपछि सिरहाबाट प्रकाशित हुने *जनसन्देश* साप्ताहिकको प्रकाशक/सम्पादक र निलेश छापाखानाको सञ्चालक भए । २०५८ सालमा जयकृष्ण गोइतको अध्यक्षतामा गठित माओवादीको मधेसी राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय सदस्य बने । २०५३ सालमै सिरहामा

सूर्यनारायण सत्यनारायण क्याम्पसमा स्नातकमा अध्ययनरत रहँदा उनी भूमिगत राजनीतिमा सक्रिय भए । साथै २०५३-२०५८ बीच नेपाल पत्रकार महासङ्घ सिरहा शाखाको दुई कार्यकाल उपसभापति समेत रहेका थिए । गोइतले तराई जनतान्त्रिक मुक्ति मोर्चा गठन गरेपछि २०६२ असारदेखि २०६३ साउनसम्म उनी मोर्चाको पूर्वी कमाण्डको इन्चार्ज रहे । २०६३ साउनदेखि उनले बेग्लै जनतान्त्रिक तराई मुक्ति मोर्चा गठन गरे, र अध्यक्ष छन् ।

## मधेसी मुक्ति टाइगर्स

महोत्तरी जिल्लामा रहेका आफन्तलाई माओवादीहरूले हत्या गरेको निहुँमा सोलुखुम्बुमा माओवादीको सैन्य दस्ताको कमाण्ड भएर बसिरहेका रौतहटका अजय (शम्भुप्रसाद यादव) ले विद्रोह गरी तराईमा छुट्टै मोर्चा गठन गरे । त्यसैको नाम मधेसी मुक्ति टाइगर्स हो । प्रारम्भमा यो मोर्चाले माओवादी कार्यकर्ताहरूलाई नै खोजी खोजी मार्ने काम गऱ्यो । पछि जयकृष्ण गोइतले खोलेको पार्टीसँग अजयको मोर्चाको पनि उद्देश्य मिल्न गएकोले भारतमा दुवै पक्षबीच सहमति भएको थियो । परिणाम मधेसी मुक्ति टाइगर्स गोइतको जनतान्त्रिक तराई मुक्ति मोर्चामा विलय भयो ।

मोर्चामा विलय भएको तीन महिनापछि भारतको मोतिहारी जिल्लामा उक्त पार्टीको केन्द्रीय समितिको बैठकबाट अजयलाई मोर्चाको पूर्वी क्षेत्रीय ब्यूरो अन्तर्गतको विशेष कार्यदलको कमाण्डर बनाइयो । तर २०६२ वैशाख १० गते भारतबाट नेपाल पस्दै गर्दा भारतीय प्रहरीले उनलाई समातेर नेपालको सुरक्षा निकायलाई जिम्मा लगायो । रौतहट जिल्लाको बकैया नदी नजिक नेपालका सुरक्षाकर्मीले अजयको हत्या गरे । हतियार बिक्री गर्ने गिरोहले नै उनलाई पक्राउ गर्न सुराकी गरेको आशङ्का मधेसी टाइगर्सलाई छ । मोर्चाले दिएको काम सम्हाल्न नपाई उनी मारिएका थिए ।

जनतान्त्रिक तराई मुक्ति मोर्चामा विलय भइसकेको मधेसी मुक्ति टाइगर्स पुनः २०६३ माघमा सङ्गठित भयो । टाइगर्सका नयाँ अध्यक्ष राजन छन् । मधेसी टाइगर्सको सप्तरी जिल्ला १ नं. क्षेत्रको एरिया इन्चार्ज नविन (रामजनम यादव) ले माघको अन्तिम साता जारी गरेको विज्ञप्तिमा उल्लेख छ, "सशस्त्र समूहमा रहेका हामी अर्ध–भूमिगत भएर काम गरिरहेका थियौं । मधेसको आन्दोलनपछि यहाँ सशस्त्र आन्दोलन गरिरहेको पार्टीहरू सरकारसँग वार्ता गर्न जान लागेको र उनीहरूले धोखा पाए तराईमा सशस्त्र आन्दोलन गर्ने कोही नहुने भएकोले मधेसको जनताको भावनाअनुसार बन्दुकको भरमा टिकेको सरकारलाई बन्दुकले

नै तह लगाउन यो पार्टीको गठन गरेका हौं ।" टाइगर्सले नौं बुँदे माग सरकारसँग राखेको छ । ती मागहरूमध्ये मुख्य रूपमा मधेसको आन्दोलनमा मृत्यु भएकाहरूलाई शहीद घोषणा गरी प्रति परिवार बीस लाख रुपियाँ दिनुपर्ने, मृतकका परिवारबाट एक जनाको दरले रोजगारी दिनुपर्ने, न्यायालयमा मधेसी मूलका मानिसलाई समावेश गर्नुपर्ने, विद्यमान सेना/प्रहरी विघटन गरी पचास प्रतिशत मधेसी मूलकालाई समावेश गरेर नयाँ किसिमले बनाउनुपर्ने आदि छन् ।

उनीहरूले २०६३ फागुन २२ गते कोशी टप्पुमा बसोबास गरिरहेका केही पहाडी मूलका परिवारलाई अपहरण गरी गाउँ छोडेर जाने सर्तमा दुई दिनपछि मुक्त गरेका थिए। अहिले कोशी टप्पुको पहाडी बस्ती खाली भएको छ। सिरहाको चोहर्वा स्थित रणसिंह दलमा कार्यरत सोमबहादुर थापालाई ससुराली गएको बखत भगिनी चोक, कमलपुर गाविसबाट (सप्तरी) २०६४ वैशाख ७ गते दिउँसो ३ बजे टाइगर्सका कार्यकर्ताहरूले अपहरण गरी कोशी टप्पु क्षेत्रमा लगेका थिए । तर राति हुरी र असिना परेकोले बन्दी बनाइएको थापालाई छोडी ज्यान जोगाउन टाइगर्सका कार्यकर्ता भागेकोले सोमबहादुर थापा त्यहाँबाट भागेर भारदह प्रहरीको सम्पर्कमा पुगेका थिए ।

पछिल्लो समयमा टाइगर्सले सप्तरीको पूर्वी भेगमा राम्रो पकड राख्न सफल भएको बुझिन्छ । टाइगर्सका कार्यकर्ताहरूले उनीहरूको पार्टीको स्थापना २०५४ सालमा भएको दाबी गरिरहेका छन् । अजय यादव अध्यक्ष हुँदा सो पार्टीको केन्द्रीय सदस्य रहेका सप्तरीका प्रताप प्रफुल बहरखेल (यादव) अहिले सक्रिय छन् ।

## मधेसमा सशस्त्र आन्दोलन गर्ने बीचको विवाद

जनतान्त्रिक तराई मुक्ति मोर्चाले माओवादीका एक दर्जन कार्यकर्ताको हत्या गरिसकेको छ । माओवादीले पनि यसका उति नै कार्यकर्ताको ज्यान लिइसकेको छ । मोर्चाको ज्वाला सिंह र गोइत समूहबीच पनि एकअर्का माथि आक्रमण गर्ने नीतिले उनीहरूकै ६ कार्यकर्ताको मृत्यु भइसकेको छ । पछिल्लो पटक जयकृष्ण गोइतको पार्टीका सप्तरी जिल्ला १ नं. एरिया इन्चार्ज अजय (अमरेन्द गोइत) को नेतृत्वमा तीनओटा मोटरसाइकलमा आएको समूहले एउटा मोटरसाइकलमा चढेर गइरहेका ज्वाला सिंह समूहका तीन कार्यकर्तालाई गोली हानी हत्या गऱ्यो । जनतान्त्रिक र माओवादीको द्वन्द्वको चपेटमा सिरहाका ३ नं. क्षेत्रका सांसद कृष्णचरण श्रेष्ठले ज्यान गुमाउनु पऱ्यो । त्यस्तै माओवादीमा प्रभावशाली

भएर जनतान्त्रिकमा छिरेका अजय यादव, विनय महतो र देवकुमार यादवको पनि हत्या भयो । अपहरण र मारपिटको त कुनै गन्ती नै छैन ।

मोर्चाको दुई समूहबाहेक पूर्वी तराईमा मधेसी मुक्ति टाइगर्सले पनि मोर्चा विरोधी गतिविधि गरेको छ । उदाहरणको लागि, २०६३ फागुनमा स्वावलम्बन विकास बैंकमा कार्यरत मधेसीमूलका कर्मचारीसँग सप्तरीको मधवापुरमा जनतान्त्रिकका कार्यकर्ताले ६० हजार रुपियाँ लुटे । त्यसको विरुद्धमा टाइगर्सका स्थानीय नेताले *राजविराज टुडे* दैनिकमार्फत जनतान्त्रिकको दुवै समूहले हत्याहिंसा र लुटपाटको घटना बढाएकोले त्यसलाई तत्काल बन्द गर्न अनुरोध गर्दै त्यसो नगरिएको खण्डमा टाइगर्सले कारबाही गर्ने चेतावनी दिए ।

जनतान्त्रिक मोर्चा गठन भएको एक वर्ष बित्दा-नबित्दै २०६२ साउनमा त्यसको पूर्वी कमाण्ड इन्चार्जको जिम्मेवारी पाएका सिरहाका विनय महतो (सुरज) को माओवादीले हत्या गऱ्यो । त्यस अघिसम्म उनी माओवादीका विश्वस्त कार्यकर्ता थिए । माओवादीले विनयद्वारा नै सिरहाका पूर्व जिल्ला विकास समितिका सभापति चन्द्रनारायण यादवको हत्या गर्न लगायो । जब माओवादीबाटै विनयको हत्या भयो त्यसपछि माओवादी र मोर्चाका कार्यकर्ताहरूबीच एकअर्कालाई भेट्टाए सिध्याउने अभियान सुरु भयो । त्यसको लगत्तै माओवादीले सप्तरीको पिप्रापूर्व गाविसमा मोर्चाका दुई कार्यकर्ता जाकीर मन्सुरी र साफिर मन्सुरीसहित तीन जनाको हत्या गऱ्यो । त्यसअघि नै मोर्चाले माओवादीको सप्तरी जिल्ला कमिटिका सदस्य र अर्का एक जना कार्यकर्ताको हत्या गरिसकेको थियो ।

यसबीच मोर्चाले माओवादीमा नरहेका पहाडी मूलका मानिसको सिरहा र सप्तरीमा हत्या र अपहरण गर्ने कामलाई पनि तीव्र बनायो । पछिल्लो पटक ज्वाला सिंह समूहले २०६४ वैशाख ११ गते नेपाल बैंकमा काम गरेर अवकास लिई घरमा बसिरहेका लहान निवासी अम्बिका उप्रेतीलाई घरमै गोली हानी हत्या गरे । ज्वाला सिंह समूहले नै २०६३ पुस १ गतेदेखि १५ गतेसम्म महेन्द्र राजमार्गमा पहाडी मूलका मानिसको गाडी वा पहाडी मूलका ड्राईभर भएका गाडी चल्न नदिने आह्वान गऱ्यो । यसैको अवज्ञा गरेको आरोप लगाउँदै भारदह–कोशी ब्यारेज खण्डमा एक जना यात्रुलाई गोली हानी हत्या गरे । सोही समयमा हजरिया गाविस, सर्लाहीका कृष्ण न्यौपानेलाई समेत सर्लाहीमै जनतान्त्रिकले हत्या गऱ्यो । मोर्चाले सप्तरीमा माओवादीका दुई कार्यकर्ताको हत्या गरेपछि आक्रोशित भएका माओवादी नेता मातृका यादवले २०६३ साउन १ गते राजविराजमा आयोजित सभामा मोर्चा विरुद्ध सिरहा र सप्तरीमा 'युद्ध' को

घोषणा गरे । यो समाचार सञ्चारमाध्यमहरूमा आएपछि यसले आगोमा घिउ थप्यो र झगडालाई तीव्र बनायो ।

माओवादीका तत्कालीन सप्तरी इन्चार्ज रमेश सिंहले मोर्चाका नेता तथा कार्यकर्ताहरू माओवादी पार्टीमा आउन चाहे समायोजन गर्न सकिने बताएका थिए । उनले एकअर्काको सङ्गठन विस्तारमा कुनै बाधा नगर्ने गरी सहकार्य गर्न सकिने विकल्प अघि सारेका थिए । तर उनको त्यो प्रस्ताव त्यसै खेर गयो । गोइतले माओवादीले आफै सरकारसँग मागिरहेको अवस्थामा हामीले उनीहरूसँग माग्ने के छ र भनी वार्ताको सम्भावनालाई अस्वीकार गरे । 'मोर्चाका कार्यकर्तालाई माओवादीले केही नगरुन् र हामी पनि तिनका कार्यकर्तालाई केही गर्दैनौँ' भन्ने प्रस्ताव जनतान्त्रिकको थियो । तर युद्ध विरामपछि पनि माओवादीले जनतान्त्रिकका कार्यकर्तालाई अपहरण, बेपत्ता पार्ने काम छोडेन ।

ज्वाला सिंहको समूह पछिसम्म माओवादीसँग वार्ता र सहकार्य दुवै गर्न तयार थियो । सिंहले वार्ताका लागि तीनओटा प्रस्ताव माओवादी समक्ष राखेका थिए । पहिलो, माओवादीले तराईमा चन्दा आतङ्क बन्द गर्नुपर्ने; दोस्रो, मोर्चाका कार्यकर्ताहरूको हत्या गरेको कुरा सार्वजनिक रूपमा स्वीकार गर्नुपर्ने र अपहरण गरेकालाई तुरुन्त रिहा गर्नुपर्ने; अनि तेस्रो, तराईबाट माओवादीको मुक्ति सेना हटाउनुपर्ने ।

सोही समयमा माओवादीका अध्यक्ष प्रचण्डले झापाको पत्रकार सम्मेलनमा मोर्चासँग कुराकानी गर्न पार्टीको जिम्मेवार पक्षलाई खटाइसकेको र जयकृष्ण गोइतले आत्मालोचना गरेर आएमा पार्टीमा सम्मानित स्थान दिने बताएका थिए । त्यसपछि माओवादीले मोर्चाका कार्यकर्ताप्रति नरम नीति अपनाएका थिए र उनीहरूले आक्रमण नगरेसम्म आफूले पनि उनीहरूमाथि हमला नगर्ने विश्वास रमेश सिंहले दिलाएका थिए । झ्वाट्ट हेर्दा दुवै पक्षको नेतृत्व वार्ता र समन्वयप्रति उत्सुक भएको पाइए पनि स्थानीय तहका कार्यकर्ता बन्दुकधारी पार्टीको नियन्त्रणमा नभएको देखिन्छ । ज्वाला सिंह समूह र माओवादीबीच लगभग वार्ताको वातावरण बनिसकेर पनि स्थानीय तहमा भएको हत्याहिंसाका कारण प्रक्रिया विफल हुनु एउटा उदाहरण हो ।

'माओवादीहरू एकातर्फ वार्ताको कुरा गर्छन् र अर्कोतर्फ मोर्चाको कार्यकर्तामाथि धावा बोल्ने नीति लिन्छन्,' भन्दै २०६३ को दशैँपछि ज्वाला सिंह समूहले माओवादीसँग वार्ता हुन नसक्ने जानकारी दियो । ज्वाला सिंह समूहले २०६३ को दशैँअघि माओवादीको चन्दा आतङ्कको विरोधमा तराई बन्द गरेपछि त्यसैको

विरोधमा माओवादीले 'जोसँग वार्ता गर्ने उसैको विरोधमा तराई बन्दको घोषणा गर्ने' भन्दै मोर्चासँग वार्ता नगर्ने बताएको थियो ।

अविश्वासकै कारण जनतान्त्रिकका दुवै समूह माओवादीसँग वार्ता गर्न इच्छुक छैनन् । माओवादी भने सरकारी तहबाट वार्ताको विपक्षमा नदेखिए पनि सरकारी समझदारीमा तराईमा 'विशेष सर्च' अभियान सञ्चालन गरेर मोर्चालाई सिध्याउने रणनीतिमा लागेको देखिन्छ । माओवादीको यो नीति सफल भएमा मधेसमा भयावह स्थिति हुने पक्का छ । माओवादीले आफ्नो रणनीति परिवर्तन गर्नुपर्ने आवश्यकता गौर हत्याकाण्डले देखाइसकेको छ ।

मधेसी जनअधिकार फोरमको आन्दोलनले सर्लाहीको हरिवनमा हिंसात्मक रूप लिएपछि स्थानीय बासिन्दा चुरेभावर प्रदेशको नाममा सङ्गठित भए । साथै वैशाखको दोस्रो साता सप्तकोशी पूर्वको मोरङ, सुनसरी र झापालाई आफ्नो कार्यक्षेत्र मान्दै भूमिगत रूपमा गणतान्त्रिक तराई जनपरिषद् नामको अर्को सङ्गठन पनि सञ्चालन गरिएको छ । यसरी मधेसमा एकपछि अर्को सङ्गठनहरू खुलिरहेको अवस्थामा विभिन्न किसिमका समूहहरू के-के स्वार्थ लिएर गठन हुन्छन् सतही रूपमा बुझ्न गाह्रो छ । मधेसको हक-अधिकारका लागि गठित विद्रोहहरूलाई राजधानीबाट सत्ता सञ्चालन गरिरहेकाहरूले बेवास्ता गरेकोले दण्डहीनताको स्थिति मौलाएको हो । अराजक गतिविधि व्यापक छ । यसैको परिणाम मधेसमा राज्यको उपस्थिति नाम मात्रको छ । विदेशी मानवअधिकारवादी प्रतिनिधिहरूलाई मधेसमा पत्रकार र स्थानीय मानवअधिकारवादीले असहयोग गरेको कारण सशस्त्र विद्रोह दबाउन सरकार असमर्थ रहेको आरोप स्थानीय प्रशासन र सरकारी कर्मचारीहरूको छ । यो भनाइ आफ्नो कमजोरी अरूमा थुपारी पन्छिने प्रयास हो । यदि सुरक्षाकर्मीले राम्रो पहल गरेको भए लहानबाट मधेस आन्दोलनले ज्वालाको रूप लिने थिएन । गृहमन्त्री र माओवादीको मौखिक आदेशमा बाधिएका सुरक्षाकर्मीले मधेसका नागरिकका भावनासँग खेलवाड गरेकोले आन्दोलनले विद्रोहको रूप लिएको सर्वविदित छ । स्थिति यति भयावह हुँदा समेत सरकारको यो रबैयाले निरन्तरता पाइरहेको छ ।

शताब्दीयौँदेखि तराईका मूल निवासीहरू शोषण र उत्पीडनको शिकार भएकोले तराईको स्वतन्त्रता र निर्वाध रूपमा बाँच्ने अधिकारको लागि छुट्टै आन्दोलन आवश्यक भएको गोइत बताउँछन् । उता माओवादी निकट मधेसी मुक्ति मोर्चाका केन्द्रीय सचिव तथा जनकपुर-सगरमाथा क्षेत्रीय ब्यूरो सदस्य सुभाष (सूर्यनाथ यादव) र क्षेत्रीय ब्यूरो सदस्य आभाष (शिवराम यादव) ले २०६२ माघ ९ गते पुनरावेदन अदालत राजविराज परिसरमा सञ्चारकर्मीहरूसँग

कुरा गर्दै मधेसीलाई शोषण गर्ने उद्देश्यले तराईलाई विभाजन गरिएको बताउँदै मिथिला राज्य पहिले पनि गणतन्त्रात्मक रहेको तर्क अघि सारेका थिए । उनीहरूले मधेस सदियौंदेखि स्वशासित राज्य थियो, त्यसैले आत्मनिर्णय र स्वशासनको अधिकार प्राप्तिको लागि प्रान्तीय सरकार आवश्यक रहेको बताएका थिए । दुवै पार्टीका तराई मूलका नेताहरूको तर्क एउटै देखिए पनि उनीहरूबीचको काटमारको अवस्था निवारण वा न्यूनीकरण गर्न कतैबाट पहल भएको पाइँदैन ।

मधेसको आन्दोलन चर्किंदै गएपछि दलित, आदिवासी/जनजाति साथै तराईमा मूलतः थारूहरूले सरकारलाई व्यापक दबाब दिएको कारण मुलुक सङ्घीय संरचनामा जाने पक्का भएको छ । तथापि तराई प्रदेशको नामाकरण र सङ्घीय खाकाबारे थारू समुदाय, मधेसी जनअधिकार फोरम, जनतान्त्रिक तराई मुक्ति मोर्चा र चुरेभावर प्रदेश एकता समाजबीच विमति छ । सङ्घीय आकार र त्यसको नाम माथि मधेसकै स्थानीय बासिन्दाबीच एकपटक व्यापक विवाद चर्कने सम्भावना प्रवल छ ।

## दुई प्रमुख हत्या

***देवनारायण यादवको हत्या :*** माओवादीका वैकल्पिक केन्द्रीय सदस्य र मधेसी राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय तदर्थ समितिका संयोजक रहेका देवनारायण यादव पनि माओवादीको शङ्काको शिकार भए । उनले धनुषा, सिरहा र सप्तरीमा माओवादीको सङ्गठन विस्तारलाई गरेको योगदानको बेवास्ता गर्दै पार्टीले उनीप्रति अन्याय गऱ्यो । मधेसी राष्ट्रिय मुक्ति मोर्चाको गठनसँगै यसले लिने नीति तथा कार्यक्रम मधेसीहरूले नै तय गर्न पाउनु पर्दछ भन्ने आवाज मधेसी मूलका माओवादीहरूले उठाएका थिए । माओवादी पार्टीभित्र जातीय स्वशासित राज्य निर्माण गर्ने कुरा उठेपछि तराई मूलका माओवादीहरूको महत्त्वकाङ्क्षा झन् बढेर गयो । तर पार्टीले यस्तो मतप्रति खासै चासो देखाएन । २०६१ भदौ २० गते धन्छवार, सिरहामा सुरक्षा कारबाहीमा माओवादीका केन्द्रीय सदस्यहरू शेरमान कुँवर र कुमार गौतमको मृत्यु भएको प्रसङ्गलाई आधार बनाएर देवनारायणलाई पार्टीले दोषी ठहर गऱ्यो ।

पार्टीले बारम्बार कारबाही गरिरहने भएपछि यादवले एक प्रेस विज्ञप्ति जारी गर्दै पार्टी त्याग गरे । उनको ठहर थियो, 'माओवादी पार्टी राम्रो भए पनि यसले मधेसी समुदायको लागि केही गर्दैन ।' उनी जनतान्त्रिकको पोलिटब्यूरो सदस्य तथा पूर्वी तराई क्षेत्रीय ब्यूरो इन्चार्ज भएका बखत काम विशेषले सिरहाको वरियारपट्टि बजारमा हुँदा सेनाले पक्राउ गऱ्यो र २०६२ जेठ मसान्तको दिन

हत्या गऱ्यो । देवनारायणसँगै जनतान्त्रिकमा प्रवेश गरेका नागेन्द्र पासवानलाई यादव पछि पूर्वी कमाण्ड इन्चार्ज बनाइएको थियो । पासवानलाई माओवादीमा छँदा भारतीय सीमा क्षेत्रबाट पक्राउ गरी सुरक्षाकर्मीले हत्या गर्न राति सप्तरी र सिरहाको सीमामा पर्ने बलान खोला लगेको बखत उनी उम्किएका थिए । तर पार्टीले यो कुरा पत्याएन । उनी सुरक्षाकर्मीको मिलोमतोमा भागेको आरोप लगाउँदै विकट पहाडी क्षेत्रमा उनलाई खटायो साथै पदीय जिम्मेवारी पनि घटाइदियो । पार्टीको रबैयाबाट रुष्ट भएका नागेन्द्र पासवान ज्वाला सिंहको नामबाट जनतान्त्रिकमा प्रवेश गरेका थिए ।

***सांसद कृष्णचरण श्रेष्ठको हत्या :*** २०६३ असोज ७ गते सिरहाका सांसद तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्य कृष्णचरण श्रेष्ठको हत्या भएपछि त्यसको जिम्मा लिएर मोर्चाले राष्ट्रव्यापी चर्चा पायो । हजारौँ व्यक्तिको हत्या गरेर देशव्यापी सङ्गठन विस्तार गरिसक्दा पनि माओवादीले यति उच्च तहका नेताको हत्या गरेको थिएन । यद्यपि माओवादीका नजरमा पनि श्रेष्ठ 'सन्दिग्ध' व्यक्ति थिए । तत्कालीन माओवादी नेता देवनारायण यादवका छोरा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु क्रान्तिकारी) का वैकल्पिक केन्द्रीय सदस्य सुजितनारायण यादव सुरक्षा कारबाहीमा मारिएको खबर सार्वजनिक भएपछि श्रेष्ठले उनलाई 'छोरो जिउँदै छ, म ऊसँग कुरा गराइदिन्छु' भनेका थिए । तर श्रेष्ठले छोरासँग कुरा गर्न भनी उपलब्ध गराएको मोबाइलमा देवनारायणले छोरालाई भेट्नुको सट्टा बन्दीका रूपमा रहेका माओवादीका केन्द्रीय सदस्य मातृका यादवलाई भेटे । त्यसपछि माओवादी वृत्तमा उनलाई शङ्काको रूपमा हेरियो । सुजितसँग सांसद श्रेष्ठले कुरा गराउन सकेनन् । यसले माओवादीको दृष्टिमा श्रेष्ठलाई अझ सन्दिग्ध बनायो । यही विषयलाई लिएर देवनारायणको पार्टीसँग खटपट पऱ्यो । उनले माओवादी पार्टी त्याग गरे र जनतान्त्रिक तराई मुक्ति मोर्चामा सामेल भए । उनकै उपस्थितिमा डेढ वर्षअघि मोर्चाको केन्द्रीय समितिको बैठकले सांसद कृष्णचरण श्रेष्ठलाई मधेसी मूलका मानिसको शोषण गरेको आरोप लगाएर हत्या गर्ने निर्णय गरेको थियो । तर सो निर्णय कार्यान्वयन गराउने क्षमता उसमा थिएन । यसैबीच रुदल महतो र विहारी यादवले श्रेष्ठको हत्या गरे । रुदल महतो, जसलाई श्रेष्ठका कार्यकर्ताले घटनास्थलमै मारिदिएका थिए । उनी पहिले डकैती पेशामा संलग्न व्यक्ति भए पनि पछि गोइत समूहमा प्रवेश गरेका थिए । उनलाई अपराधी व्यक्ति भन्दै माओवादीले २०६३ साउन ३१ गते सिरहाको इटाटारबाट पक्रेका थिए । पछि मानवअधिकारवादीहरूको आग्रहमा भदौ

१९ गते रिहा गरिएको थियो। माओवादीबाट मुक्त भएको १९ दिन बित्न नपाउँदै रुदलले सांसद श्रेष्ठको हत्या गर्नुलाई अर्थपूर्ण रूपमा लिइएको पाइन्छ। केही स्थानीय व्यक्तिहरू मोर्चाले विशुद्ध प्रचारबाजीको दृष्टिले मात्रै हत्याको जिम्मेदारी लिएको र रुदलले तेस्रो पक्षसँग सुपारी लिएर सांसद श्रेष्ठको हत्या गरेको बताउँछन्। रुदलले महतोहरू सम्मलित छुट्टै मोर्चा गठन गर्ने प्रारम्भिक कार्य गरेको भए पनि जनताद्वारा मारिएपछि उनको मोर्चा फुटाउने अभियान तुहिएको थियो।

सांसद श्रेष्ठले सांसद हेमनारायण यादवको हत्याको छानविन गर्न आनन्दप्रसाद ढुङ्गानाको संयोजकत्वमा बनेको समितिलाई राजधानीमा बयान दिए लगत्तै तराई आउँदा हत्या भयो। उनको बयानमा सांसद यादवको हत्यामा सेनाको हात रहेको उल्लेख हुनुलाई पनि अर्थपूर्ण रूपमा लिन सकिन्छ। सांसद श्रेष्ठको हत्याको जिम्मेवारी गोइत समूहले लिएको छ। ज्वाला सिंहले उनी गोइत समूहमै हुँदा जनतान्त्रिक तराई मुक्ति मोर्चाको केन्द्रीय समितिको बैठकले श्रेष्ठको हत्या गर्ने निर्णय गरेको बताएर यसमा जनतान्त्रिक मोर्चा बाहेक अन्य कुनै पक्षको संलग्नता नरहेको दावी गरेका छन्।

## कार्यकर्ता तानातान

माओवादी र जनतान्त्रिक मोर्चाको वार्ता अभियान टुटे पनि दुवैका कार्यकर्ता एक अर्कामा सर्ने काम भने रोकिएको छैन। जनतान्त्रिक गोइत समूहका सैन्य कमाण्डर विवेक (विनोद यादव) २०६३ भदौ ११ गते तीन थान एसएमजी सहित माओवादीमा प्रवेश गरेका छन्। विनोद अहिले वन मन्त्री मातृका यादवको बडिगार्डका रूपमा कार्यरत छन्। उनीसँग माओवादीमा प्रवेश गर्ने जनतान्त्रिकका कार्यकर्ताहरूमा अनुजकुमार यादव, अशोक यादव, सन्तोष यादव, अनिल खिडहरी, रघुवीर यादव र सुरेश खिडहरी छन्। यता माओवादीबाट सप्तरीमा ३५ जना, सिरहाबाट २० जना, धनुषाबाट १४ जना र सर्लाहीबाट १८ जना जनतान्त्रिक तराई मुक्ति मोर्चामा प्रवेश गरेको ज्वाला सिंहले दावी गरेका छन्। उनीहरूमध्ये केही हतियारसहित प्रवेश गरेको सिंहको दावी छ। तर लहानमा भने १६ जना जनतान्त्रिकबाट माओवादीमा गएका थिए।

## मधेसका विद्रोही पक्षसँग सरकारी विवाद

२०६२/०६३ को जनआन्दोलनपछि गठन भएको सरकारका मन्त्री हृदयेश त्रिपाठीको पहलमा वार्ताको लागि वातावरण तयार पार्ने कार्यभार पाएको थियो। त्रिपाठीकै अनुरोधमा गोइत समूहले वार्ताको माहोल बनाउन एक महिना अघिदेखि आह्वान

गरेको दुई दिने तराई बन्द फिर्ता लिएका थिए । तर बन्द फिर्ता लिएपछि त्रिपाठीले उनीसँग कुनै सम्पर्क गरेनन्। यसरी सरकारसँग आक्रोशित भएका गोइतले सरकारले बन्द फिर्ता लिन लगाएर बेबकुफ बनाउने काम गरेकोले अब वार्तामा जानुको कुनै औचित्य छैन भनेका थिए। संयमित स्वभावका गोइतले २०६४ साउनमा पनि संयुक्त राष्ट्र सङ्घको मध्यस्थतामा विश्वासिलो वातावरण बनाए वार्ता गर्ने प्रतिबद्धता जाहेर गरिरहेका छन्। उनले मधेस मुलका मन्त्रीहरूमार्फत आफ्नो प्रस्तावहरू मौखिक रूपमा वार्ता टोली बन्नु अघिदेखि नै पटक-पटक सरकार समक्ष राखिसकेका थिए। संयुक्त राष्ट्र सङ्घप्रति पनि गोइतको दुःखेसो छ। उनको तर्क छ, माओवादीले देशभर युद्ध विराम गरे पनि सिरहा र सप्तरीमा युद्ध विराम गरेको छैन। गोइत भन्छन्, "यसबारेमा संयुक्त राष्ट्र सङ्घले माओवादीलाई दबाब नदिएर पनि राष्ट्र सङ्घले मधेस आन्दोलनलाई अवमूल्यन गरेको देखिन्छ।" माओवादी शान्ति प्रक्रियामा सामेल भइसकेपछि पनि सिरहा र सर्लाहीबाट जनतान्त्रिकको कार्यकर्ताको अपहरणमा संलग्न छ। यसबारे न सरकारले न त राष्ट्र सङ्घले खोजी गरिरहेको छ। यस्तो असुरक्षित अवस्थामा वार्तामा सामेल हुने विश्वसनीय वातावरण नभएको तर्क गोइतको छ।

ज्वाला सिंह समूहले सरकारी वार्ता टोलीले पठाएको पत्रको आधारमा केही आधारभूत मागहरू राख्दै आफ्नो तर्फबाट वार्ता टोली पनि बनाइसकेको थियो। सरकारले मधेसमा युद्ध विराम गर्नुपर्ने, मधेसको आन्दोलनमा शहादत प्राप्त गर्नेहरूलाई शहीद घोषणा गरी उनीहरूको परिवारलाई प्रतिव्यक्ति १५ लाख रुपियाँ क्षतिपूर्ति दिनुपर्ने, माओवादी र सेनाद्वारा मारिएका जनतान्त्रिकका केन्द्रीय स्तरका नेताहरूको हत्याको छानविन गर्न उच्चस्तरीय छानविन समिति गठन गरिनुपर्ने, र जनतान्त्रिकका नेता/कार्यकर्ता माथि लगाइएको सम्पूर्ण मुद्दा फिर्ता हुनुपर्ने माग ज्वाला सिंह समूहले राखेको थियो। तर गृहमन्त्री कृष्णप्रसाद सिटौलाले एक पत्रकार सम्मेलनमार्फत वार्तामा आए वार्ता टोलीमा बस्ने सदस्यहरूको मात्र मुद्दा सरकारले फिर्ता लिएको घोषणा गरे। यसबाट आक्रोशित भएका ज्वाला सिंहले उनीहरूले पहिलेदेखि गरिरहेको युद्ध विराम भङ्ग गरी सैन्य कारबाही जारी राखे। ज्वाला सिंह र गोइत समूह अहिले पनि सरकारले विश्वासिलो वातावरण बनाए वार्ता गर्ने भनिरहेका छन्। तर २०६४ असार/साउनमा सरकारबाट भएको वार्ताको पहलकदमीमा समेत उनीहरूको प्रस्तावलाई बेवास्था गरेको देखिन्छ।

जनतान्त्रिक तराई मुक्ति मोर्चाले मधेसमा सरकारी कार्यालयमा कार्यरत पहाडी मूलका मानिसलाई मधेस छोड्न जारी गरेको उर्दीले सम्पूर्ण पहाडी

समुदायलाई चिन्तित बनाएको छ । उनीहरूको भनाइ नमान्ने र अटेर गर्नेमाथि भौतिक कारबाहीको चेतावनी सार्वजनिक गरेकोले जातीय दङ्गा हुनसक्ने स्थितिमा मधेस पुगेको छ । सिरहा र सप्तरीको महेन्द्र राजमार्गदेखि दक्षिणका केही गाउँबाट पहाडी मूलका मानिसहरू अघोषित रूपमा सुरक्षित ठाउँमा बस्न थालेका छन् । हुन त गोइत समूहका पोलिटब्यूरो सदस्य रामविलासले प्रेस विज्ञप्ति जारी गर्दै पहाडी मूलका मानिसलाई मधेसबाट लखेट्ने नीति नरहेको बताएका छन् । पहाडी शोषक/शासकलाई मात्र मधेसबाट धपाउने नीति रहेको उनीहरूको तर्क छ । तर जनतान्त्रिकबाट कारबाहीमा परिरहेका पहाडी मूलका मानिसहरूको आधारमा भन्न सकिन्छ उनीहरूको केन्द्रीय स्तरको नीतिलाई जिल्ला स्तरका कार्यकर्ताले अनुसरण गरेका छैनन् ।

सरकारले यी सबै कुराहरूलाई सामान्य रूपमा लिएको उसको कार्यशैलीले देखाउँछ । सत्ताको राजनीतिमा प्रभावशाली दलहरू रुमलिएका छन् । मधेसको विद्रोह, अस्तव्यस्त अवस्थाको फाइदा उठाएर नेपालकै केही लुटेरा समूहले अराजक स्थिति सिर्जना गरेका छन् । उदाहरणको लागि, सप्तरी घर भई सिरहामा कार्यरत डा. मुरली सिंहलाई भारतीय अपराधी गिरोह धीरेन्द्र यादवको समूहले अपहरण गरी केही दिन पछि छोडेको थियो । तथापि सरकारले त्यसमा कुनै भूमिका खेलेन । यस्ता धेरै दृष्टान्तले भन्छ, मधेसको अस्तव्यस्ततताप्रति सरकार किंकर्तव्यविमुढ छ ।

## सशस्त्र क्षेत्रीय पार्टी गठनका कारण

माओवादीले सशस्त्र आन्दोलन गरेर शक्तिमा पुगेको र उनीहरूसँग त्रसित भई मागेजति चन्दा जनताले दिने गरेको सबैलाई थाहा थियो । पहिले माओवादीमै लागेका तर मूलतः मधेसको सवाललाई लिएर वैचारिक भिन्नताका कारण साथै अन्य कारबाहीले माओवादी छोडेकाहरूले नै आफूले पहिले सिकेका कुरालाई हुबहु अनुसरण गर्दै क्षेत्रीय स्तरको समूह गठन गरेका छन् ।

माओवादीकै कारण मधेसका नागरिकमा राजनीतिक चेतना बढ्यो । प्रायः पुराना राजनीतिज्ञ मधेसको सवालभन्दा बढी सत्ता लिप्सामा डुबेर शाहवंशप्रति वफादार भएकाले अब माओवादीले केही गर्छ भन्ने आशा मधेसमा चरम थियो । शान्ति सम्झौताको प्रक्रियामा माओवादीहरूले सात दलसँग मिलेर मधेसको राजनीतिक मुद्दालाई ओझेलमा पार्ने कोसिस गरे । यसको फाइदा मधेसी जनअधिकार फोरमले लियो र अन्तरिम संविधान जारी भएकै भोलिपल्ट फोरमका नेताहरूले राजधानीमा संविधान जलाए । यसले गर्दा उनीहरूले मधेसको आम

नागरिकको समर्थन प्राप्त गरे । लोकतान्त्रिक व्यवस्थामा संविधान जलाएको आरोपमा फोरमका अध्यक्ष उपेन्द्र यादवलगायतकालाई मुद्दा चलाउनु, साथै सरकारको यस कार्यको विरोधमा आंशिक रूपमा चक्काजाम गरिरहेका मधेसका समर्थकहरूलाई बलमिचाहा पाराले माओवादीले गोलीहानी हत्या गर्नु आदि कारण मधेसका नागरिक सरकार र माओवादीको अत्याचार विरुद्ध आक्रमक भएर रातारात आन्दोलनमा ओर्लिए । सरकारले सो आन्दोलनलाई दबाउने नीति लियो । परिणाम आन्दोलनले हिंसक रूप लियो । तथापि पहिलो हिंसा माओवादीबाट भएको थियो ।

आन्दोलन सुनियोजित नभए पनि बिस्तारै सत्तामा बस्न नपाएका राजनीतिक पार्टीको आन्दोलनमा चलखेल हुन थाल्यो । त्यसपछि आफ्नो भोट बैंक सकिने डरले सबै राजनीतिक पार्टीले आन्दोलनलाई समर्थन गर्दै यसलाई उचाईमा पुऱ्याए । यसबाट देखिन्छ, विनम्रभावले राखिएको मागलाई राजनीतिक नेतृत्वले बेवास्ता गरिरहेको थियो । जब ठूलो धनजनको क्षति भयो, स्थिति जटिल र भयावह बन्दै गयो तब मात्र उनीहरूले सुने जस्तो गरेकोले मधेस आन्दोलनमा धेरैले ज्यान गुमाउनु पऱ्यो ।

यद्यपि सशस्त्र आन्दोलन गरेमा सरकारले वार्तामा बोलाउन कर लाग्छ साथै आन्दोलनको क्रममा गरिएको अपराध पनि माफ हुन्छ भन्ने विश्वासले नै क्षेत्रीय सङ्गठनहरूको उदय भएको हो । मधेसी मुक्ति टाइगर्स पनि सरकारले वार्तामा बोलाउने र आफ्नो चर्चा हुने आशामा छ । जनतान्त्रिकका मूलतः दुवै समूह वार्तामा जाने पालो अब हाम्रो भन्ने विश्वासमा छन् । तराई कोबरा पनि टाइगर्स जस्तै नै हो । तर डिफेन्स आर्मी र धर्मवीर सेनाको गठन भने हिन्दू राज्य कायम गर्न र राजालाई जोगाउनको लागि भएको हो । त्यस्तै चुरेभावर प्रदेश एकता समाजको गठन मधेस आन्दोलनलाई, खासगरी फोरमलाई काउण्टर दिन गठन भएको उनीहरूको माग र क्रियाकलापले देखाउँछ । समाजका अध्यक्ष केशवप्रसाद मैनालीले फोरमको आन्दोलन सरकारसँग भए पनि निसाना पहाडी समुदाय बनेको र पहाडीको घर जलाउने तथा प्रताडना दिन थालेपछि उनीहरू सङ्गठित हुनु परेको बताउँदै आएका छन् । मैनालीले फोरमको समग्र मधेस एक प्रदेशको माग मान्य नभएकोले चुरेभावर प्रदेश एकता समाज गठन गर्नु परेको बताएका छन् । सशस्त्र आन्दोलन क्षेत्रीय रूपमै गरेमा वर्तमानमा एकप्रकारको प्रभाव बनाउन सक्ने र भविष्यमा सरकारले वार्तामा बोलाउने अपेक्षा धेरै समूहको छ ।

सशस्त्र आन्दोलन गरिरहेका जनतान्त्रिकको मधेसलाई भिन्नै राज्य बनाउने घोषणाले अधिकांश मधेसी समुदाय समेत खुसी छैनन् । अझ त्यसको लागि

भइरहेको हिंसाले मधेसको समाजिक सद्भाव र विकासमा समेत नकारात्मक प्रभाव पारिरहेको छ । हरेकले आफूलाई असुरक्षित महसुस गरिरहेका छन् । यद्यपि मधेसीले राज्य सत्ताको सबै पक्षमा समान अवसर पाउनु पर्छ भनी जनतान्त्रिकले राखेको राजनीतिक मागमा भने सबै पक्षको व्यापक समर्थन रहेको देखिन्छ । यही समर्थनका कारण राजविराज, लहान र सिरहामा पहाडी मूलका मानिसले पनि माघ २०६३ को आन्दोलन र त्यसपछि पनि जुलुस प्रदर्शन गरी समर्थन जनाएका छन् । सरकारलाई दबाब दिन सघाएका छन् । तथापि पहाडी मूलको बाहुल्यता रहेको क्षेत्रमा भने राजनीतिक पार्टीहरूले अप्रत्यक्ष रूपमा फोरमको आन्दोलनलाई दबाउने नीति अवलम्बन गरेका थिए । प्रभावशाली राजनीतिक पार्टीका कार्यकर्ताले कतै समर्थन गर्ने, कतै प्रतिवादमा उत्रिने, कतै निस्क्रिय बस्ने, अनि कतै मानिसलाई उकास्ने नीति लिएकोले पनि मधेसमा अराजक स्थिति मौलाउँदै गएको हो । साथै क्षेत्रीय पार्टी उदय हुने आधार निर्माण भइरहेको हो ।

यस्तो स्थितिले मधेसमा भरतीय र विदेशी चलखेललाई पनि बढाएको छ । तथापि भारतले मधेसीहरूले विभिन्न नाममा खोलेका पार्टीहरू एक भएर सङ्घर्षमा गए राम्रो हुने मनसाय राखेको छ ।

## निष्कर्ष

२००७ सालअघि शिवरात्रीको दिन मात्र पशुपतिको दर्शन गर्न भारतीयहरूलाई काठमाडौँ जानदिने चलन थियो । नेपालकै तराई क्षेत्रमा बस्ने मानिसहरू काठमाडौँ जान वीरगञ्जमा गएर पासपोर्ट लिनु पर्दथ्यो, र त्यो पासपोर्ट चिसापानीमा चेक गराएर मात्र जान पाउँथे । कानुनी रूपमा समान भनिए पनि मधेसी समुदायलाई सेनामा भर्ना हुन नियोजित ढङ्गले वर्जित थियो । यस्ता अनेकौँ कानूनको सहारामा मधेसीहरूलाई नियोजित रूपमा राज्य व्यवस्थाभन्दा बाहिर राखियो ।

यसरी मधेसीमाथि शोषण गर्ने अर्को आधार भाषा बन्यो । स्थानीय स्वायत्त शासन ऐन २०५५ मा जिल्ला विकास समितिले आफ्नो जिल्ला क्षेत्रभित्र र नगरपालिकाले आफ्नो नगर क्षेत्रमा पुरातात्विक वस्तु, भाषा, धर्म, कला र संस्कृतिको संरक्षण, संवर्द्धन र प्रयोग गर्न/गराउन पाउने प्रावधान छ । तर राजविराज र जनकपुर नगरपालिकाले स्थानीय कार्यालयमा मैथिली भाषालाई दिएको कामकाजी भाषाको मान्यता सर्वोच्च अदालतले बदर गऱ्यो । नेपाली भाषामा राम्रो पकड नभएको कारण प्रारम्भदेखि नै मधेसीहरू निजामति सेवाबाट लगभग बाहिरिएकै थिए । नेपाली भाषाबाहेक अरू कुनै भाषा सरकारी तहमा

प्रयोग गर्न नपाउने २०५६ जेठ १८ गतेको सर्वोच्च अदालतको फैसलाले गहिरोसँग मधेसीहरूको भावनामा चोट पुऱ्यायो। एकातर्फ कानुनी रूपमा यस्तो विभेदकारी निर्णय गरे पनि प्राथमिक तहमा मातृभाषामा पढ्न पाउने व्यवस्था छ। तथापि पाठ्य सामग्री वा शिक्षक उपलब्ध गराउने तहमा सरकारको उच्च एवं सम्बन्धित अधिकारीले संवेदनशील हिसाबले मनन् नगरेकै कारण मधेसमा पटक-पटक भाषिक अधिकारको लागि मानिसहरू आन्दोलित भएका उदाहरण छन्।

मधेसवासी विरुद्ध राजनीतिक, आर्थिक, सांस्कृतिक शोषणका विविध रूप छन्। यिनै विभेदको कारण राज्यले अरू सरह समान व्यवहार मधेसीलाई गरेको छैन। मधेसीहरूलाई राज्यले विभिन्न हिसाबले सम्पूर्ण संरचनाबाट अलग राखेको छ। मधेसमा धेरै दक्ष जनशक्ति छ जसलाई राज्यले सदुपयोग गर्न चाहेको दैखिँदैन। त्यसैले विद्यमान मधेस आन्दोलन पनि मधेसीलाई सबै क्षेत्र र तहतप्कामा समावेश गर्नुपर्छ भन्ने माग सहित गर्जेको हो।

मधेसको प्रतिनिधित्व सबै राष्ट्रिय पार्टीमा जनसङ्ख्याको आधारमा हुने वातावरण सिर्जना गरी मधेसीलाई नीति निर्माणको तहमा पुऱ्याउने अभियान सञ्चालन गर्नु आवश्यक छ। सङ्घीय राज्यको अवधारणामा प्रभावशाली पार्टीहरू इमान्दारीपूर्वक लाग्ने, साथै परराष्ट्र नीति, सेनालगायत संवेदनशील राष्ट्रिय मामलामा केन्द्रीय सरकारले अधिकार राख्ने र शासनका अन्य अधिकार प्रान्तीय सरकारमा विनियोजन गर्ने हो भने मधेस आन्दोलनले उठाएका अधिकतम सवालहरू सम्बोधन हुने पक्का छ।

राज्यको विद्यमान संरचना कायम भइरहेसम्म मधेसको समस्या समाधान नहुने अवस्था बनिसकेको छ। साथै मधेसमा खुलेका क्षेत्रीय पार्टीहरूबाट मात्र पनि मधेसको सम्पूर्ण समस्या समाधान हुन सक्दैन। त्यसको लागि पार्टीले राष्ट्रिय रूप लिनु जरुरी छ। अन्यथा राष्ट्रियस्तरका पार्टीहरूसँग सहकार्य गर्ने नीति क्षेत्रीय पार्टीहरूले अवलम्बन गर्नुपर्ने देखिन्छ। अहिलेको सत्तामा बाहुनवाद हावी भएकोले आदिवासी/जनजाति, दलित, मधेसी र अन्य अल्पसङ्ख्यकहरूबीच सहकार्य हुनु आवश्यक छ। यस्तो सहकार्य भएमा सम्भावित जातीय विद्वेष पनि बिस्तारै हट्ने छ। यो दिशामा रामराजाप्रसाद सिंह अध्यक्ष रहेको नव जनवादी मोर्चाले केही काम पनि गरिरहेको छ। पहाडमा बसोवास गर्ने गरीब जातजातिहरूले धेरै दुःख कष्ट सहेर जीवन गुजारा गरिरहेको तथ्य मधेसीहरूले राम्रोसँग बुझ्नुपर्ने तर्क उनले पटक-पटक सार्वजनिक गरेका छन्। यही कारण मधेसी र जनजाति मिलेर आन्दोलन गर्नुपर्छ भन्ने सिंहको तर्कले मधेसी आन्दोलनमा नयाँ आयाम मात्र थपेको होइन, शोषित पीडित जनता विरुद्ध रहेको राज्यलाई आपसमा मिलेर

दबाब दिनुपर्छ भन्ने सन्देश पनि दिएको छ । अन्यथा यसै पनि विवाद गरेर शोषण गर्न पल्केकाहरूले पहाडी मधेसीको नाममा झन् हालीमुहाली गर्ने सिंहको तर्क मननयोग्य छ ।

मधेसमा देखिएको हिंसात्मक गतिविधि र खुला सिमानाको कारण पनि मधेसलाई भारतले बढी चनाखोपूर्वक हेरिरहेको छ। समस्याको जटिलता र मधेसमा भइरहेको दलीय र अन्य विदेशी स्वार्थको कारण पनि छोटो समयमै वार्ताद्वारा समाधान गर्न भारतको भूमिका महत्त्वपूर्ण भइरहेको अनुमान गर्न सकिन्छ। अन्यथा तोकिएको मितिमा संविधानसभाको निर्वाचन गर्न गाह्रो हुने देखिन्छ। परिणाम जनआन्दोलनबाट दलहरूले प्राप्त गरेको शक्ति बिस्तारै कमजोर हुँदै जाने स्थितिले नाजुक मोड लिने सम्भावनालाई पन्छाउन सकिन्न ।

## सन्दर्भ सामग्री


झा, बीएन । २०५५ । प्रजातन्त्रक अलगैत समस्या : के छथि ई मधेसी ? *मिथिला टाईम्स,* असोज, पृ. ३९ ।

सिंह, रामेश्वर । सन् १९९२ । मेरे संस्मरण (क्रान्ती विशेषाङ्क) । *नयाँ सङ्घर्ष* २(११-१२): २७ ।

गोप, सूर्यनाथ । २०५५ । तराईवाद आर हिन्दीक पुनः उभरैत प्रश्न : कतेक सार्थक ? *मिथिला टाईम्स,* असोज, पृ. ३६ ।

भट्टराई, बाबुराम । २०५२ । तराई क्षेत्रको समस्या : एक विश्लेषण । *लाल तराई* (नेपाली-मैथिली त्रैमासिक), भदौ ।

थापा, वसन्त र मोहन मैनाली । सन् २००६ । *मधेस : समस्या र समाधान* । ललितपुर : सोसल साइन्स बहाः ।

यादव, उपेन्द्र । २०५४ । *नेपालको मधेसी समुदायः एक विवेचना*। विराटनगर : आदिवासी–जनजाति विकास तथा अनुसन्धान केन्द्र ।

यादव, उपेन्द्र । सन् २००३ । *नेपाली जन आन्दोलन और मधेसी मुक्तिका सवाल*। पटना : मधेसी जनअधिकार फोरम ।

सिंह, ज्वाला । २०६३ । *तराई मुक्तिको आवाज*। प्रकाशन स्थान उल्लेख नभएको : प्रकाशकः प्रचारप्रसार विभाग, जनतान्त्रिक तराई मुक्ति मोर्चा केन्द्रीय समिति, फागुन २० ।

गुप्ता, जयप्रकाश । २०६१ । *मधेस : सामाजिक संरचना र विभेद*। काठमाडौँ : मधेसी मानवअधिकार संरक्षण केन्द्र ।